'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १५२ सोमबार १४ माघ, २०८१ 27 (Monday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

‘समृद्धि कर्णाली समृद्धि परियोजना’ अलपत्र पारेको भन्दै

## माओवादी केन्द्रद्वारा कर्णाली प्रदेशसभा अवरुद्ध

नमस्ते समचारदाता
सुर्खेत, माघ/१३




प्रमुख प्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र) ले कर्णाली प्रदेशसभा अवरुद्ध गरेको छ । माओवादी संसदीय दलका नेता राजकुमार शर्मा मुख्यमन्त्री भएका बेला ल्याएको वार्षिक १० हजारलाई रोजगारी दिने ‘समृद्धि कर्णाली समृद्धि परियोजना’ अलपत्र पारेको भन्दै संसद् अवरोध गरेको हो । बैठक सुरु भए लगत्तै दल नेता शर्माले प्रदेशसभामा सम्बोधन गर्दै भने, ‘कर्णालीका नागरिकलाई रोजगारी दिने, गरिबी निवारणका लागि हामीले उक्त परियोजना यही संसदबाट पारित गरेका हौं । तर अहिलेको सरकारले लात हान्दै कार्यक्रम रोक्यो ।’ यो परियोजन अलपत्र पार्नुको कारण सरकारले सदनमा प्रष्ट नपार्दा सम्म यो सभा चल्दैन ।’ सरकारले मनपरी गरेर कर्णालीका नागरिक माथि अन्याय गरिरहेको र उक्त कार्यक्रम अगाडि नबढाएसम्म संसद् चल्न नदिने उनले बताए । प्रदेश सरकार कर्णालीको गरिबी निवारण गर्न अग्रसर नभएको भन्दै उक्त कार्यक्रम अगाडि बढाइनुपर्ने, त्यसो नगरे संसद् अवरोध कायम रहने शर्माले चेतावनी दिए । उक्त कार्यक्रम कार्यान्वयन गर्नेबारे मुख्यमन्त्री यामलाल कँडेलले सम्झौता समेत गरेका थिए । तत्कालीन अवस्थामा एमाल-माओवादी गठबन्धन हुँदा कँडेलले कार्यक्रमलाई अगाडि बढाउने सहमति गरेका थिए । यद्यपि लगत्तै गठबन्धन परिवर्तन भएर एमाले काँगेसको सरकार बन्यो र माओवादी प्रतिपक्षमा पुगेपश्चात कार्यक्रम कार्यान्वयनमा कँडेलले बेवास्ता गरेका थिए । प्रतिपक्ष सभा सञ्चालनका लागि तयार नभएपछि उपसभामुख यशोदा न्यौपानेले आधा घण्टाका लागि बैठक स्थगित गरेकी छन् । त्यस पछि पनि सभा चल्न सकेन ।

## कोहलपुरका विद्यालय तीन दिन बन्द

नमस्ते समचारदाता
कोहलपुर, माघ/१३



बाँकेमा चिसो अत्यधिक बढेपछि कोहलपुर नगरपालिकाले नगरभित्रका सबै विद्यालयलाई पुनः तीन दिनका लागि बन्द गरिएको छ। हाल सम्म बढिरहेको अत्याधिक चिसोका कारण बालबालिकाहरु बिरामी पर्न थालेपछि पुनः तीन दिनका लागि विद्यालय बन्द गरिएको नगरपालिकाले जनाएको छ । कोहलपुर नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख उपसचिव राम बहादुर हमालले कोहलपुर क्षेत्रमा पनि चिसो अत्यधिक बढेकोले आइतवार माघ १३ गतेदेखि माघ १५ गतेसम्म सबै विद्यालयमा जाडो बिदा दिइएको बताए । यसअघि पनि शीतलहर र चिसो बढ्दा गत पुस २६ गतेदेखि २९ गतेसम्म चार दिनका लागि कोहलपुर नगरपालिकाभित्रका सम्पूर्ण विद्यालय बन्द गरिएको थियो । शीतलहर सहितको चिसोले बालबालिकाहरु प्रभावित भैरहेको जानकारी आएकोले यस पटक नगरका सबै विद्यालय तीन दिन बन्द गरिएको हमालले जानकारी गराए। बढ्दो चिसोको जोखिमलाई विचार गर्दै साना बालबालिकाको स्वास्थ्यलाई ध्यानमा राखेर विद्यालयमा बिदा दिइएको कोहलपुर नगरपालिकाले जनाएको छ । चिसो अत्यधिक बढ्दा केही दिनयता यहाँका सबै पालिकाको जनजीवन अतिनै कष्टकर बन्दै गएको छ। चिसोकै कारण अस्पतालहरुमा बिरामीहरु समेत बढ्दै गएको अस्पतालमा कार्यरत चिकित्सकहरुले बताएका छन् । शीतलहर तथा अत्यधिक चिसोको कारण नेपालगन्ज उपमहानगर र खजुरा गाउँपालिकामा पनि विद्यालयहरु तीन दिनका लागि बन्द गरिएका थिए। आइतबारबाट नेपालगन्ज र खजुराका विद्यालयलाई भने सुचारु गरिएको छ। पश्चिम नेपालका हिमाली र पहाडी जिल्लामा हिउँ परेकोले केही दिनयता यहाँ चिसो अत्यधिक बढ्न जाँदा साना साना बालबालिकालाई विद्यालय पठाउन समस्या भएको थियो ।

दोस्रो रनिङ सिल्ड प्रतियोगिता सम्पन्न

## प्याब्सन दोस्रो रनिङ शिल्डको उपाधी ग्रीनपिस माविलाई

नमस्ते समचारदाता
कोहलपुर, माघ/१३




बाँकेको कोहलपुरमा जारि दोश्रो प्याब्सन कोहलपुर नगर स्तरीय रनिङ्ग शिल्डको उपाधि ग्रीनपिस माध्यमिक विद्यालय चप्परगौंरिले हात पार्न सफल भएको छ । प्रथम हुदा जस्ले २५ हजार पुरस्कार हात पारेको छ । दोस्रो रनिङ्ग शिल्ड खेलकुद प्रतियोगितामा ग्रीनपिस मावि कोहलपुर १२ ले ७ स्वर्ण ५ रजत र ३ कास्य पदक नगत रु २५ हजार सहित बिजेता बनेको हो । त्यसैगरी ५ स्वर्ण ४ रजत र २ कास्य पदक र नगत १५ हजार सहित निम्बल एकेडेमी कोहलपुर ११ उप बिजेता बन्न सफल भएको छ। ५ स्वर्ण ३ रजत र १ कास्य पदक र नगत रु १० हजार सहित वागेश्वरी एकेडेमी कोहलपुर १० तेस्रो स्थान हासिल गरेको प्याब्सन कोहलपुर सचीव मित्रलाल ओलीले जानकारी दिए । कार्यक्रममा प्रमुख अतिथी प्रतिनिधि सभा सदस्य सुर्य ढकाल बिशिस्ट अतिथी कोहलपुर नगरपालिका सामाजिक बिकास समिति संयोजक ईश्वरी प्रसाद बि क, शिक्षक, विद्यार्थी पत्रकार लगायत कोहलपुर क्षेत्रका २६ निजि विद्यालयहरुको सहभागी रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथी ढकालले निजि विद्यालयहरुले नै गर्दा शिक्षाका सरकारलाई ठुलो सहयोग पुगेको बताएका थिए । यसरी नै आगामी दिनहरुमा निरन्तर यसरी नै निजि विद्यालयहरुले शिक्षा मात्र नभएर खेलकुद मार्फत समेत कोहलपुरलाई चिनाउने काम गरेकोले सरकारले निजि विद्यालयहरुले यसरी आफ्नो सामुदायिक उत्तरदायित्व अन्तर्गत गरेको बृहत् खेलकुद प्रतियोगिता कोहलपुरको लागि महाकुम्भ भएको उनको भनाई थियो । आगामी दिनहरूमा समेत यस्ताखाले कार्यक्रमलाई अझै सभ्य र भब्य बनाउदै निरन्तरता दिन आग्रह गर्दै सांसद ढकालले सरकारको तर्फबाट आफुले निजि विद्यालयहरुको हककितमा निरन्तर आवश्यक सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे । कार्यक्रमलाई समापन गर्दै प्याब्सन कोहलपुर नगर अध्यक्ष रमेश के सीले सहभागी सम्पुर्ण विद्यार्थी खेलाडी शिक्षक विद्यालय लगाएत सहयोग गर्ने सम्पुर्ण संघ संस्था एवं बिजेता उप बिजेता सबैलाई धन्यवाद ब्यक्त गर्दै आगामी बर्षमा तेस्रो कोहलपुर नगर स्तरीय प्याब्सन रनिङ्ग शिल्ड आयोजना गर्ने प्रतिबद्धता सहित कार्यक्रम समापन गर्नुभएको थिए।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
namastekarnali2068@gmail.com
namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
चंखेली गाउँपालिका
हुम्ला

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## निवारण भैसक्यो भनेको कुष्ठरोगका विरामी बढ्दो

नेपाल सरकारले २०६६ सालमा कुष्ठरोग निवारण भएको घोषणा गरेको थियो। नेपालमा प्रति १० हजारमा ०.७७ अर्थात एकभन्दा कम रोगीको संख्या भएका कारण उतिबेला निवारणको घोषणा गरिएको थियो। तर कुष्ठरोग निवारणको घोषणा भएपछि पनि हरेक वर्ष कुष्ठरोगका नयाँ विरामी थपिने क्रम भने रोकिएको छैन। स्वास्थ्य सेवा विभाग इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले विभिन्न सरकारी तथा गैरसरकारी निकायसँगको सहकार्यमा गरेको अध्ययनमा आर्थिक वर्ष २०७९/०८० मा देशभर २ हजार ५ सय २२ जना कुष्ठरोगका नयाँ बिरामी फेला पारेको थियो। नेपालमा कुष्ठरोगका बिरामीहरूको संख्या शून्यमा झार्न सन् २०२१ देखि २०३० सम्मका लागि रोड म्याप फोर जेरो लेप्रोस कार्यक्रम रहेको छ। तर त्यस अनुरुप जिल्लामा यससम्बन्धी गतिविधि त्यति गरेको देखिँदैनन् । कुष्ठरोग दीर्घ संक्रामक रोग हो । स्वास्थ्यविज्ञहरुका अनुसार लामो समयसम्म कुष्ठ रोग लागेकाहरुको नजिकमा रहेका व्यक्तिको श्वासप्रश्वासको माध्यमबाट यो अन्य मानिसहरूमा सर्दछ। तर छुँदैमा, हात मिलाउँदैमा भने यो रोग सर्दैन। करिब ८० प्रतिशतमा यो रोग आफैं ठीक हुन्छ भने रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका करिब २० प्रतिशत मानिसहरूलाई उपचार आवश्यक पर्छ । कुष्ठरोगको लक्षण अनुहारमा, ढाडमा, बस्ने ठाउँमा, हात खुट्टामा सेतो वा रातो रंग भएको लाटो फुस्रो दाग देखिने, दागमा कपाल नउम्रिने, पसिना नआउने र अनुहार तथा हात खुट्टामा गिर्खा आउने, नाकको आकृति बिग्रिने, नाकबाट रगत बग्ने, नाक बन्द हुने आदि हुन्छ। यस्तै हात खुट्टाका नसा कमजोर हुने, तातो चिसो थाहा नपाउने, हात, खुट्टा पोलिरहने, झमझम गरिरहने, हिँड्दा चप्पल फुस्किरहने आदि पनि कुष्ठरोगका लक्षण हुन सक्छन्। आँखीभुइँ, परेलीका रौंहरू झर्ने, आँखा बन्द गर्न नसक्ने हुने, आँखामा संक्रमण हुने, मोतीबिन्दु, जलबिन्दु हुने र अन्धोपना आउनेसम्म हुन सक्छ। नेपालमा कुष्ठरोग उन्मूलन भइसकेको घोषणा भइसकेको छ, कुष्ठरोग निवारणका लागि गरिएका धेरैजसो कार्यक्रम बन्द भइसकेका छन् तर कुष्ठरोगका नयाँ विरामीहरु देखा पर्न छाडेका छैनन् । यही हिसाबले नयाँ कुष्ठरोगी थपिँदै जाने हो भने निवारण भइसकेको कुष्ठरोगले फेरि ठूलो रुप नलेला भन्न सकिँदैन।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# विद्युत् महसुलको अर्थतन्त्रमा प्रभाव

**अनन्तराज दाहाल**



डा. अनन्तराज दाहाल

> राज्य आफ्नै निकायसँग विवाद गरेर बस्नुभन्दा पनि सबैलाई विश्वास हुने गरी उद्योगी व्यापारीसँग समन्वय गर्दै विद्युत् प्राधिकरणको बक्यौता असुल उपरका लागि नियमसङ्गत ढङ्गले अगाडि बढ्नु पर्छ । विद्युत् प्राधिकरणको बाँकी बक्यौता उठाउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा राज्यप्रतिको विश्वसनीयता अभिवृद्धि गर्दै आफ्नो जिम्मेवारीबाट यो वा त्यो नाममा चुक्नु हुँदैन ।

विभिन्न अनुसन्धानले नेपालमा छ हजार साना ठुला नदी नालाबाट ४३ हजार मेगावाट जलविद्युत् उत्पादन गर्न सकिन्छ भन्ने प्रमाणित गरेका छन्। विद्युत् उत्पादनको सय वर्षभन्दा लामो अवधिमा नेपालले ३६ सय मेगावाट विद्युत् उत्पादन गरेको छ। पछिल्लो दुई दशकको विद्युत् उत्पादन अनुपात अध्ययन गर्दा प्रत्येक पछिल्लो वर्ष जलविद्युत् उत्पादनको अनुपात सुधारोन्मुख छ । उत्पादित विद्युत्ले बर्सातको समयमा आन्तरिक माग पूरा गरी एक वर्षदेखि भारतमा निर्यातसमेत गर्दै आएको छ। आजको अवस्थासम्म पुग्दा नेपाल, भारत र बङ्गलादेश त्रिदेशीय सम्झौता भएर भारतको बाटो हुँदै बङ्गलादेशमा ४० मेगावाट विद्युत् निर्यातको समेत प्रक्रिया सुरु भइसकेको छ, जुन नेपालका लागि सुखद हो । उता सुक्खा समयमा भने देशको आन्तरिक माग पूरा गर्न अझै केही वर्ष भारतबाट विद्युत् आयात गर्नुपर्ने अवस्था छ । नेपालको जलविद्युत् उत्पादनमा निजी क्षेत्रले ५० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ। निजी क्षेत्रलाई नेपाल विद्युत् प्राधिकरणले उनीहरूसँग गरेको सम्झौता अनुसार नियमित भुक्तानी गर्नुपर्ने देखिन्छ । मुलुकमा उत्पादित विद्युत् प्राधिकरणले उपभोक्तालाई उपलब्ध गराएर उनीहरूबाट प्राप्त भुक्तानीबाट सबै किसिमका खर्च व्यवस्थापन गरेको हुन्छ। सबै ग्राहक प्राधिकरणका लागि समान हुन् भन्ने मान्यताका साथ अघि बढ्न सके मात्र प्राधिकरणप्रति जनविश्वास बढ्दै जाने छ। प्राधिकरणले आफ्ना ग्राहकबाट प्राप्त भुक्तानीलाई नियमित खर्च, पुँजीगत खर्च र निजी उत्पादकलाई दिनुपर्ने भुक्तानीमा समेत प्रयोग गर्दै आएको छ। आम उपभोक्ता लोडसेडिङले हैरान भएकै समयमा पनि विद्युत् प्राधिकरणको तत्कालीन नेतृत्वले नेपालका उद्योग व्यवसायमा नकारात्मक असार नपरोस् भनी आमउपभोक्ताले उपभोग गर्ने विद्युत् कटौती गरी उद्योग व्यवसायमा भने लोडसेडिङ हुन नदिने निर्णय गरेको थियो । प्राधिकरणले विसं २०७२ देखि २०७५ वैशाखसम्म उद्योगी व्यवसायीलाई डेडिकेटेड ट्रङ्कलाइन सेवामार्फत नियमित रूपमा चौबिसै घण्टा विद्युत् उपलब्ध गराएको थियो। यसरी उपलब्ध सेवाका लागि सम्बन्धित उद्योगी व्यवसायीले सम्झौता अनुसार प्राधिकरणलाई सामान्य समयको भन्दा फरक दर र तरिकाले शुल्क भुक्तानी गर्नु पर्थ्यो, जुन उनीहरूले प्राधिकरणबाट प्राप्त विशेष सेवा र सुविधाका लागि गर्नुपर्ने नियमित भुक्तानी हो । आमउपभोक्तालाई दैनिक १९ घण्टासम्म पनि लोडसेडिङ गरी उद्योग व्यवसायलाई विशेष निर्णय गरेर बत्ती नियमित रूपमा उपलब्ध गराइएको थियो। यस प्रकारको सेवा प्राप्त गर्दा उद्योगी व्यवसायीले प्राधिकरणको तत्कालीन नेतृत्वसँग महसुल तिर्ने विशेष सम्झौता गरेका थिए, जुन राज्यको नियमसङ्गत थियो पनि । अन्तर्राष्ट्रिय क्षेत्रमा समेत राज्यबाट प्राप्त विशेष सुविधाका लागि विशेष महसुल तिर्नुपर्ने मान्यता अनुसार प्राधिकरणको तत्कालीन नेतृत्वसँग सम्झौता भएको हो भन्ने सहज रूपमा बुझ्न सकिन्छ, यसलाई सामान्य अवस्थाको विद्युत् महसुलसँग तुलना गर्न मिल्दैन । विसं २०७५ वैशाखबाट प्राधिकरणले सुरु गरेको लोडसेडिङ घटाउने प्रक्रियाले सोही वर्षको असोज, कात्तिकसम्म आइपुग्दा पूर्णता पाएको देखिन्छ। अर्थात् २०७५ कात्तिकपछि मुलुक पूर्ण रूपमा लोडसेडिङ मुक्त भयो । त्यसपश्चात् सम्पूर्ण उपभोक्ताले नियमित रूपमा विद्युत् उपभोग गर्न पाए। विसं २०७५ वैशाख पूर्व उद्योगी व्यवसायीले उपभोग गरेको विद्युत् महसुल धेरै उद्योगले तोकिएको समयमा तिरे, भने, केहीले त्यसलाई नतिर्न विभिन्न बहानाबाजी गरे । फलस्वरूप विद्युत् प्राधिकरणले महसुल नतिर्ने उद्योगहरूको विभिन्न समयमा लाइन काट्ने कार्य गऱ्यो। उद्योगी व्यापारीको राजनीतिक नेतृत्वमा भएको पहुँच दुरुपयोग गर्दै सरकारका माध्यमबाट प्राधिकरणलाई दबाब दिँदै काटिएको लाइन जोड्न सफल भए। यो उनीहरूको सफलताले प्राधिकरणले आफूले प्राप्त गर्नुपर्ने भुक्तानी पाउन सकेन। पटक पटक प्राधिकरणले उद्योगी व्यवसायीको लाइन काट्ने र जोड्ने काम गऱ्यो । पछिल्लो पटक प्राधिकरणले केही उद्योगमा लाइन काट्दा २०७२ माघदेखि २०७५ वैशाखसम्म तिर्न बाँकी महसुल ६ अर्ब ६० करोड र त्यसको जरिबाना २५ प्रतिशत जोड्दा आठ अर्ब २५ करोड पुग्यो । यति ठुलो परिमाणमा विद्युत् महसुल उठ्न सकेको छैन । विभिन्न समयमा राजनीतिक आडमा प्राधिकरणलाई दबाब दिँदै महसुल तिर्न पछि हट्दै गए, जसले गर्दा प्राधिकरणको उठ्न बाँकी बक्यौता अलपत्र परेको छ। यति ठुलो परिमाणमा प्राधिकरणले बाँकी बक्यौता उठाउन नसक्दा त्यसले नेपालको अर्थतन्त्रमा अल्पकालीन र दीर्घकालीन असर पर्ने देखिन्छ, जसलाई निम्न अनुसार अनुमान गर्न सकिन्छ। डेडिकेटेड र ट्रङ्क लाइन विवादका नाममा विद्युत् महसुल भुक्तानी नभएमा त्यसले सर्वसाधारण उपभोक्तालाई विद्युत् महल नतिर्न उत्प्रेरित गर्छ । परिणाम स्वरूप प्राधिकरणको उठ्नुपर्ने बक्यौता बढ्दै जान्छ र प्राधिकरण पुनः आर्थिक सङ्कटको बाटोमा पुग्न सक्छ। विद्युत् प्राधिकरणले प्राप्त गर्नुपर्ने भुक्तानी समयमा नपाउँदा उसले आफूले गर्ने नियमित र विकास खर्च प्रभावित हुन्छ। प्राधिकरणले ५० प्रतिशतभन्दा बढी विद्युत् उत्पादनको हिस्सा ओगट्दै आएका स्वतन्त्र ऊर्जा उत्पादक संस्थालाई सम्झौता अनुसार दिनुपर्ने भुक्तानीको व्यवस्था मिलाउन सक्दैन। परिणाम स्वरूप स्वतन्त्र ऊर्जा उत्पादक संस्थाहरू ऊर्जा क्षेत्रमा लगानीका लागि निरुत्साहित हुन्छन्, जसको नकारात्मक प्रभाव नेपालको जलविद्युत् उत्पादनमा पर्छ । विद्युत् उत्पादनमा प्राधिकरण र स्वतन्त्र ऊर्जा उत्पादक कम्पनीले विभिन्न बैङ्क तथा गैर बैङ्किङ वित्तीय संस्थासँग लिएको ऋणको सावा र ब्याज तोकिएको समयमा भुक्तानी गर्न सक्दैनन्। जसका कारण नेपालको समग्र बैङ्किङ क्षेत्रमा समेत नकारात्मक प्रभाव पर्न सक्छ । वित्तीय संस्थाहरूले समयमा भुक्तानी नपाउँदा उनीहरू बचतकर्तालाई समयमा भुक्तानी दिन असमर्थ मात्रै हुँदैनन्, यसले देशको समग्र आर्थिक क्षेत्र प्रभावित हुन्छ। डेडिकेटेड र ट्रङ्क लाइनको नाममा देखिएको विवादले नेपालको विद्युत् क्षेत्रमा आउनुपर्ने थप वैदेशिक लगानी र वैदेशिक ऋणमा समेत नकारात्मक प्रभाव पर्न सक्छ। विवादले प्रत्यक्ष वैदेशिक लगानीसँग सम्बन्धित संस्था एवं राष्ट्रप्रति अझ नकारात्मक प्रभाव पर्न जान्छ। जसले ऊर्जाभन्दा बाहेक अन्य क्षेत्रमा आउने वैदेशिक लगानीलाई समेत नकारात्मक प्रभाव पर्न सक्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालमा वैदेशिक लगानीप्रतिको विश्वसनीयतामा आँच पुग्न सक्ने देखिन्छ, जसले दीर्घकालीन विकासमा समेत नकारात्मक प्रभाव पर्न सक्छ । यसरी राज्य आफ्नै निकायसँग विवाद गरेर बस्नुभन्दा पनि सबैलाई विश्वास हुने गरी उद्योगी व्यापारीसँग समन्वय गर्दै विद्युत् प्राधिकरणको बक्यौता असुल उपरका लागि नियमसङ्गत ढङ्गले अगाडि बढ्नु पर्छ । विद्युत् प्राधिकरणको बाँकी बक्यौता उठाउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा राज्यप्रतिको विश्वसनीयता अभिवृद्धि गर्दै आफ्नो जिम्मेवारीबाट यो वा त्यो नाममा चुक्नु हुँदैन। *-गोरखापत्र*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौं, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घुलाचौर, बाजुरा

# बाढीपहिरो पीडितको घर निर्माण अलपत्र

नमस्ते समचारदाता

बाजुरा, माघ/१३



बाजुराको बुढीगङ्गा नगरपालिका-१ अम्कोटमा घर निर्माण कार्य अलपत्र परेको छ । निर्माणका लागि दिने भनेको रकम सरकारले नदिएपछि यहाँका बाढीपहिरो पीडित परिवारका घर निर्माण कार्य अलपत्र परेको हो । विपद् प्राधिकरणले दिएको डिजाईन अनुसार घर निर्माण नरेकोले यहाँका स्थानीयको दोस्रो किस्ता रकम रोकिएको जिल्ला प्रशासन कार्यालय बाजुराले जनाएको छ । आर्थिक वर्ष २०७९-०८० मा स्थानीय, प्रदेश र सङ्घीय सरकारको सहयोगमा अम्कोटका बाढी पहिरो विस्थापित परिवारलाई स्थापित गर्ने गरी घर निर्माणको काम सुरु गरिएको थियो । अम्कोटका १०६ घरपरिवार मध्ये ८५ जनाले ७५ हजार पहिलो किस्ता रकम पाएका छन् भने पहिलो किस्ता रकम पाएका ८५ जनामध्ये पनि १८ जनाले मात्र घर निर्माणको काम सुरु गरेका थिए । यी मध्येकै ६७ जनाले भने पैसा पाएर पनि घर निर्माणको काम सुरु गरेका छैन । प्राविधिकहरूले भनेकै अनुसार घर निर्माण गरेको भएपनि अहिलेसम्म दोस्रो किस्ता रकम नदिएको बुढीगङ्गा नगरपालिका-१ अम्कोटकी बाढीपहिरो पीडित कल्लधरी नेपालीले बताउनुभयो । उहाँले भन्नुभयो, “पहिलो किस्ता ७५ हजार रकम दिएको हो । त्यसले सिमेन्ट सरिया ल्याए । दोस्रो किस्तापछि आउँछ भनेर गाउँमै ऋण खर्च गर्दै घर निर्माण कार्य सम्पन्न गरेकी हुँ । तर अहिले सम्म दोस्रो किस्ता रकम दिएको छैन ।” जसबाट मैले ऋण गरेर घर लगाएको थियो । ती सबै अहिले पैसा दिनु भनेर घरमा आउन थालेका छन् । त्यो पैसा दिनका लागि मलाई अहिले निकै समस्या भएको नेपालीले बताउनुभयो । बुढीगङ्गा नगरपालिका-१ अम्कोटका झण्डै १०६ घरपरिवारमध्ये पहिलो चरणमा ८५ जनालाई घर निर्माणका लागि पहिलो किस्ता ७५ हजार रकम दिएको थियो । पहिलो किस्ता ७५ हजार पाएका ती ८५ जनामा पनि १८ जनाले मात्र घर निर्माणको काम सुरु गरेका थिए । ती १८ जनामा पनि ६ जनाले मात्र घर निर्माणको काम सकेका छन् । तर ती घर पनि विपत् प्राधिकरणको डिजाइन स्टिमेट भन्दा फरक तरिकारले निर्माण गरेका छन् । स्टिमेटमा प्रत्येक कुनामा एक एक सरिया, जगको माथिमा दुई वटा सरियाले डिपिसी गर्ने र तल्ला नथप्ने गरी डिजाइन छ । विपद् प्राधिकरणले दिएको डिजाइनमा घर निर्माण गरेको कागजात आएपछि मात्र दोस्रो किस्ता रकम दिने र त्यो भन्दा फरक भएमा दोस्रो किस्ता रकम नदिने जिल्ला प्रशासन कार्यालय बाजुराका प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्याले बताउनुभयो । उहाँले भन्नुभयो, “घर निर्माणका लागि दोस्रो किस्ता रकम लिएर घर निर्माण नगरेमा पहिलो किस्ता रकम समेत फिर्ता गर्नुपर्ने हुन्छ ।” अहिले बाजुरामा झण्डै तीन हजार ९९९ जना भुकम्प पीडित छन् । उनीहरूका लागि पनि रकम अभाव भएको छ । यसका लागि हामीले गृहमन्त्रालयमा १५ करोड रुपियाँ माग गरेको प्रमुख जिल्ला अधिकारी पाध्याले बताउनुभयो ।

# ‘आत्मनिर्भर र सिपमूलक शिक्षा आवश्यक’

नमस्ते समचारदाता

दाङ, माघ/१३



प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले समय अनुकूल आत्मनिर्भर र सिपमूलक शिक्षा आवश्यक परेको बताउनुभएको छ। नयाँ शिक्षा विधेयकबारे सुझाव लिने क्रममा लुम्बिनी प्रदेशको दाङमा आइपुगेका सभापति थापाले अध्ययन गरिसकेपछि आफ्नै ठाउँमा स्वरोजगार बन्ने शिक्षा प्रणाली अहिलेको आवश्यकता रहेको बताउनुभयो। अध्ययनपछि आफ्नो गाउँठाउँ छाडेर युवा विद्यार्थी बाहिर जाने गरेका भन्दै त्यसलाई रोक्न पनि नयाँ शिक्षा आवश्यक रहेको उहाँले बताउनुभयो । सातै प्रदेशबाट सुझाव लिने काम भइरहेको भन्दै सभापति थापाले सबैका सुझाव समेटेर नयाँ शिक्षा विधेयक बनाउने बताउनुभयो । सुझावका लागि सात प्रदेशमा परामर्श लिने काम भइरहेको भन्दै सभापति थापाले भन्नुभयो, “सात प्रदेशमध्ये अहिलेसम्म छ वटा प्रदेशमा पुगेका छौँ । त्यही क्रममा अहिले लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा पुगेर विद्यार्थी, शिक्षक, अभिभावक, व्यवस्थापन समितिका पदाधिकारीसँगै स्थानीय सरकारसँग कस्तो खालको शिक्षा आवश्यक छ भनेर सुझाव लिने काम भइरहेको छ।” छलफलका क्रममा अनुकूल, आत्मनिर्भर र सिपमूलक शिक्षाको आवश्यकतामा जोड दिइएको भन्दै उहाँले प्रस्तुत विधेयकमा विभिन्न संशोधन परेको हुँदा कक्षा ४ वा कक्षा ८ देखि त्यस्तो सिपमूलक शिक्षा लागु गर्ने भन्नेबारे सुझावका आधारमा निर्क्योल हुने बताउनुभयो। “अब मुलुकलाई जीवनोपयोगी शिक्षा आवश्यक छ भन्ने सुझाव आएको छ,” सभापति थापाले भन्नुभयो, “अहिलेको शिक्षा भनेको जागिरमूलक शिक्षा मात्रै भयो। गरिखाने सिपमूलक शिक्षाको कुरा उठाउनुभएको छ। उपयुक्त सुझाव समेट्ने छौँ ।” समितिकी सदस्य सांसद तोसिमा कार्कीले पहिले बन्द कोठाभित्र बसेर शिक्षा विधेयक बनाउने गरिए पनि ५२ वर्षपछि पहिलो पटक सातै प्रदेशमा पुगेर सुझाव सङ्कलन गरी शिक्षा विधेयक बनाउने काम भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, “एसइईमा राम्रो अङ्क ल्याएको तर जीवनोपयोगी शिक्षा, ज्ञान र सिप ऊसँग छैन। त्यही भएर शैक्षिक ज्ञानसँगै जीवनोपयोगी शिक्षा आवश्यक छ।” सुझाव सङ्कलन टोलीमा घोराहीस्थित पद्मोदय पब्लिक नमुना माध्यमिक विद्यालयमा बिहीबार भएको छलफल कार्यक्रममा समितिका सदस्य, जनप्रतिनिधि, शिक्षा विकास तथा समन्वय अधिकारी, स्थानीय तहका जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावकलगायतको सहभागिता थियो।

# पुल निर्माण गर्न बजेट सुनिश्चित

नमस्ते समचारदाता

बर्दिया, माघ/१३



बर्दिया जिल्लाको बारबर्दिया नगरपालिका र गुलरिया नगरपालिका जोड्ने जब्दीघाटमा सात वर्षपछि पुल निर्माण प्रक्रिया अगाडि बढेको छ। सङ्घीय सरकारका अर्थ मन्त्रालयले हालै पुल निर्माणका लागि एक अर्ब एक करोड २९ लाख रुपियाँ बजेट सुनिश्चित गरेपछि पुल निर्माण प्रक्रिया सुरु भएको हो। २०७४ सालको बाढीमा जब्दीघाटको पुल निर्माण भएर हस्तान्तरण नहुँदै भासिएको थियो। दुई वर्षसम्म पुलबाट जोखिम मोलेर स्थानीयले आवतजावत गरिरहेका थिए। २०७९ को बाढीले भत्किएको सो पुललाई पूर्ण रूपमा क्षति पुऱ्याएपछि आवतजावत नै ठप्प भएको थियो। अर्थ मन्त्रालयले बजेट सुनिश्चित दिइसकेको हुनाले केही दिनमा पुल निर्माणका लागि ठेक्का प्रक्रिया सुरु हुने सडक डिभिजन कार्यालय बाँकेका प्रमुख नरेन्द्र भट्टले बताउनुभयो। पुल निर्माण भएपछि बारबर्दिया नगरपालिका सदरमुकाम गुलरियासँग प्रत्यक्ष जोडिने छ। हाल बारबर्दियावासी सदरमुकाम पुग्नका लागि बर्सातमा डुङ्गाबाट नदी तर्ने गरेका छन् भने हिउँदयाममा पैसा तिरेर काठको पुलबाट तर्न बाध्य छन्।


## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

नाम्खा गाउँपालिका
हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला



## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।



राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अबे तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी



यतिमात्र होईन... साथमा बम्पर उपहार



रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४६२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# पूर्वाधार निर्माण प्राथमिकतामा

नमस्ते समचारदाता

सुर्खेत, माघ/१३




कर्णाली प्रदेश सरकारले पर्यटन प्रवर्धन गर्न पूर्वाधार निर्माणमा जोड दिएको छ। बजेटको स्रोत सुनिश्चित गरेर पूर्वाधार निर्माणका काम अघि बढाएको हो। अघिल्ला आर्थिक वर्षमा बजेटको स्रोत सुनिश्चित नगरेर पूर्वाधार निर्माणका काम सुरु गर्दा योजना अलपत्र पर्ने गरेका थिए। चालु आवमा पुँजीगत खर्च बढाउन र पूर्वाधार निर्माण गरेर पर्यटन प्रवर्धन गर्न सरकारले चासो देखाएको छ। बजेट कार्यान्वयन गर्न रणनीति योजना निर्माण गरिएको प्रदेश सरकारले जनाएको छ। विकास बजेट खर्च कार्यान्वयनलाई गतिशील बनाउन रणनीति योजना निर्माण गरिएको मुख्यमन्त्री यामलाल कँडेलले बताउनुभयो। उहाँका अनुसार आवश्यकता र औचित्यका आधारमा बजेटको स्रोत सुनिश्चित गरेर पूर्वाधार निर्माण थालिएको छ। सरकार फेरबदल भइरहे पनि योजना कार्यान्वयन निरन्तर भइरहने नीति अनुरूप बजेट कार्यान्वयनका लागि रणनीतिक योजना बनाइएको प्रदेश सरकारले जनाएको छ। सोही रणनीति योजना अनुरूप काम भइरहेको हो। पर्यटकीय स्थल रारासम्म पुग्ने सडक निर्माणका लागि बजेटको स्रोत सुनिश्चित गरिएको छ। ताल्चादेखि रारासम्म सडक कालोपत्रेका लागि बजेटको स्रोत सुनिश्चित गरिएको प्रदेश सरकारले जनाएको छ। पर्यटन प्रवर्धन गर्नका लागि सरकारले सडक निर्माण गर्न लागेको छ। सडक निर्माणका लागि बजेटको स्रोत सुनिश्चित भई टेन्डर आह्वान गर्न लागिएको पूर्वाधार विकास कार्यालय मुगुले जनाएको छ। करिब सात किलोमिटर सडक निर्माणका लागि नौ करोड ८७ लाख बजेटको स्रोत सुनिश्चित भएको कार्यालय प्रमुख केशव बस्नेतले बताउनुभयो। उहाँका अनुसार सडक निर्माणका लागि यसअघि नै डिपिआर बनिसकेको छ। बजेटको स्रोत सुनिश्चित भइसकेकाले अब टेन्डर आह्वान गरिने उहाँको भनाइ छ। यो वर्ष प्रदेश सरकारले पर्यटकीय स्थलको पहिचान, संरक्षण तथा पुनर्निर्माण गर्ने भएको छ। चालु आवको नीति तथा कार्यक्रममा समेटेर उक्त योजना ल्याएको हो। प्रदेशकै प्रमुख आकर्षक पर्यटकीय गन्तव्य स्थलसम्म पुग्न पूर्वाधार निर्माण गर्न लागिएको हो। पर्यटकीय स्थलको संरक्षण गर्ने उद्देश्यले मुगुको रारताल, सुर्खेतको काँक्रेविहार, बुलबुले उद्यान तथा चौघान पार्क र रुकुम पश्चिमको स्यार्पुतालको संरक्षण विकास गर्न लागिएको हो। उक्त कार्यक्रमका लागि प्रदेश सरकारले १४ करोड बजेट विनियोजन गरेको छ।

# १६ हजार किशोरीलाई पाठेघर विरुद्धको खोप लगाइने

नमस्ते समचारदाता

दैलेख, माघ/१३



दैलेखका करिब साढे १६ हजार किशोरीलाई महिलाहरूमा हुने पाठेघरको मुखको क्यान्सर विरुद्धको 'ह्युमन पापिलोमा भाइरस'(एचपिभि) खोप दिइने भएको छ। दैलेख जिल्लका ११ वटा स्थानीय तहका विद्यालयमा अध्ययनरत १५ हजार ४४३ र विद्यालय बाहिर रहेका ८४५ गरेर १६ हजार २९७ जना किशोरीलाई खोप लगाउने स्वास्थ्य सेवा कार्यालय दैलेखले जानकारी दिएको छ। स्वास्थ्य सेवा कार्यालय दैलेखका खोप अधिकृत थीर प्रसाद रेग्मीले दैलेखका ११ स्थानीय तहलाई दुई भागमा विभाजन गरी माघको २२ गतेदेखि २५ गतेसम्म पहिलो चरण नारायण नगरपालिका, भैरवी गाउँपालिका, भगवतीमाई गाउँपालिका, नौमुले गाउँपालिका,डुगेश्वर गाउँपालिका गुराँस र महावु गाउँपालिकामा खोप अभियान सञ्चालन हुने जानकारी दिनुभयो। उहाँले माघको २७ गते देखी दुल्लु नगरपालिका, आठबिस नगरपालिका, चामुण्डाबिन्द्रासैनी नगरपालिका र ठाटिकाँध गाउँपालिकामा खोप अभियान सञ्चालन हुने बताउनुभयो। उहाँका अनुसार दुई सय ४० खोप केन्द्रमा उक्त खोप लगाउने र माघको ३० गतेसम्म विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत तथा विद्यालय बाहिर रहेका १० वर्षदेखि १४ वर्ष उमेर समूहका बालिका तथा किशोरीलाई खोप लगाइने जनाइएको छ। खोप लगाउनका लागि अहिले जिल्लाका सबै पालिका तहका स्वास्थ्यकर्मीलाई तालिम दिने र लगायतका कामहरू भइरहेको स्वास्थ्य सेवा कार्यालयले जानकारी दिएको छ। खोप अधिकृत रेग्मीका अनुसार आठबिस नगरपालिकामा कक्षा ६ देखी १० सम्मका एक हजार आठ सय ४० र विद्यालय बाहिर रहेका दुई सय १२ गरी दुई हजार ५२ जना, भगवतीमाई गाउँपालिका कक्षा ६ देखि १० सम्मका नौ सय ७१ र विद्यालय बाहिर रहेका ३८ गरी एक हजार नौ जना भैरवी गाउँपालिका कक्षा ६ देखि १० सम्मका एक हजार १०४ जना र विद्यालय बाहीर रहेका एक सय १५ जना गरी एक हजार २१९ जना, चामुण्डाबिन्द्रासैनी नगरपालिकाका कक्षा ६ देखी १० सम्मका एक हजार ७१६ जना र र विद्यालय बाहिर रहेका एक सय २३ जना गरी एक हजार ८३९ जनाले खोप लगाउने भएका छन्। त्यस्तै दुल्लु नगरपालिकामा कक्षा ६ देखि १० सम्मका तीन हजार ५२ जना र विद्यालय बाहिर रहेका १०३ जना गरी तीन हजार १५५ जना, डुगेश्वर गाउँपालिकाका कक्षा ६ देखि १० सम्मका आठ सय जना र विद्यालय बाहिर रहेका २५ जना थरी ८२५ जना, गुराँस गाउँपालिकाका कक्षा ६ देखि १० सम्मका एक हजार २८० जना र विद्यालय बाहिर रहेका ४० किशोरी गरी एक हजार ३२० जना, महावु गाउँपालिकामा कक्षा ६ देखि १० सम्मका एक हजार १० जना, नारायण नगरपालिकामा कक्षा ६ देखि १० सम्मका एक हजार ४३३ जना र विद्यालय बाहिरका ६४ जना गरी एक हजार ४९७ जना, नौमुले गाउँपालिकाका कक्षा ६ देखि १० सम्मका एक हजार १६१ जना र विद्यालय बाहिरका ६ जना गरी एक हजार १६७ जना र ठाटिकाँध गाउँपालिका कक्षा ६ देखि १० सम्मका एक हजार ७६ जना र विद्यालय बाहिरका १२८ जना गरी एक हजार २०४ जनालाई खोप लगाइँदै छ। जिल्ला स्तरीय खोप समन्वय समितिको बैठकमा बोल्दै प्रमुख जिल्ला अधिकारी नवराज जैसीले खोपलाई प्रभावकारी रूपमा लगाउनु पर्ने बताउनुभयो। उहाँले कुनै पनि किशोरीहरूलाई खोपबाट वञ्चित नगराई सबैलाई समेटेर खोप लगाउनु पर्ने र कुनै समस्या देखिएको खण्डमा तत्काल खबर गर्न आग्रह गर्नुभयो।

# स्याउ बगैँचामै प्राविधिकलाई तालिम

नमस्ते समचारदाता

जुम्ला, माघ/१३





जुम्लामा कर्णालीका आठ जिल्लाका कृषि अधिकृत तथा कृषि प्राविधिकलाई स्याउको बगैँचा व्यवस्थापनसम्बन्धी तालिम दिइएको छ। स्याउको बगैँचा काँटछाँट गर्ने, कलमी गर्ने, बोट व्यवस्थापन गर्ने लगायतका विषयमा तिनदिने व्यवस्थापनसम्बन्धी तालिम दिइएको हो।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ जुम्लाका प्रमुख खेमबहादुर शाहीका अनुसार कर्णालीको हुम्ला, मुगु कालीकोट, डोल्पा, सुर्खेत र जुम्ला, सुदूपश्चिमको दार्चुला, अछाम, बाजुरालगायत ३३ जना कृषि अधिकृत तथा कृषि प्राविधिकलाई स्याउको बगैँचा व्यवस्थापन सम्बन्धी तालिम आयोजना गरिएको हो। स्याउ सुपरजोन कार्यालय जुम्लाका प्रमुख शाहीका अनुसार तालिममा उच्च घनत्व रहेका बिरुवाको बगैँचा व्यवस्थापन तथा काँटछाँट, सिँचाइ व्यवस्थापन, रोगकिरा व्यवस्थापन, मलजल व्यवस्थापन, काँटछाँट र जातीय पहिचानका विषयमा गहन सिप सिकाइएको छ। उहाँका अनुसार सहभागीहरूलाई बगैँचामै गएर पनि अभ्याससमेत गराइएको छ। जुम्लामा ५२ हेक्टर क्षेत्रफलमा एक लाख ६५ हजार बढी स्याउको बिरुवा रोपिएको छ। जुम्लामा आएर तालिम लिन पाएकोमा प्राविधिकले खुसी व्यक्त गरेका छन्। डोल्पाका कृषि अधिकृत गोविन्दबहादुर मल्लले यो तालिम आफ्ना लागि महत्वपूर्ण रहेको बताउनुभयो। यसरी बगैँचामा गएर अभ्यास गर्न नपाएको उहाँको भनाइ थियो। कृषि अनुसन्धान केन्द्र जुम्लाका प्रमुख डा. नवराज आर्चायले स्याउ गुणस्तर बढाउनका लागि बगैँचा व्यस्थापनमा निकै ध्यान दिनुपर्ने बताउनुभयो। त्यस्तै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ काठमाडौं खुमलटार, ललितपुरका वरिष्ठ कृषि अधिकृत दिनेश प्रसाद सापकोटाकाले जुम्ला मात्रै नभई समग्र कर्णाली नै स्याउमा आत्मनिर्भर हुने सम्भावना बोकेको बताउनुभयो। उहाँले परम्परागत रूपमा रहेका स्याउ र फुजी जातको स्याउको बगैँचा व्यवस्थापनबारे तालिम दिइएको जानकारी दिनुभयो। उहाँका अनुसार जुम्लालाई अर्गानिक जिल्ला घोषणा गरिएकाले स्याउ उत्पादनमा पनि अर्गानिक विधि अपनाउनुपर्नेमा जोड दिनुभयो।

# कैँची प्रहार गरी हत्या

नमस्ते समचारदाता

कैलाली, माघ/१३



कैलालीमा भाइले कैँची प्रहार गरी सहोदर दाजुको हत्या गरेका छन्। जिल्ला प्रहरी कार्यालयका अनुसार धनगढी उपमहानगर पालिका -१७ दीपनगरका ३० वर्षीय प्रकाश बोहराले शनिबार राति आफ्नो दाजु ३५ वर्षीय लालबहादुरको हत्या गरेका हुन्। घरायसी विवादमा प्रकाशले आफ्नो दाइलाई कुटपिट गर्नुका साथै घाँटीमा कैँची प्रहार गरेको जनाइएको छ। कैँची प्रहारबाट गम्भीर घाइते लालबहादुरलाई उपचारका लागि राति नै धनगढीस्थित निसर्ग अस्पतालमा लगिए पनि उपचारको क्रममा ज्यान गएको जिल्ला प्रहरी कार्यालयका सहप्रवक्ता प्रहरी निरीक्षक दर्शन खड्काले जानकारी दिनुभयो। दाइको हत्या गर्ने भाइलाई प्रहरीले राति नै नियन्त्रणमा लिएको छ। मृतकको शव परीक्षणका लागि सेती प्रादेशिक अस्पतालमा राखिएको छ।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके